# भूटान पिपल्स पार्टीको विधान

(सन् १९९० लाई सन् २००४ मा संशोधन र परिमार्जन गरिएको रूपमा)

केन्द्रीय कार्यालय

थिम्फू भूटान

# प्रस्तावना

दक्षिण एशियाका दुई ठूला शक्तिशाली राष्ट्र उत्तरमा चीन र दक्षिणतर्फ जन-गणतन्त्र भारतको मध्यभागमा अवस्थित बहुभाषी, बहुजाति तथा बहुधार्मिक जनताको सानो रातन्त्रात्मक अधिराज्य भूटानका नागरिकहरूले निरंकुश राजतन्त्र अन्तर्गत तानाशाही व्यवस्थाको एक देश एक जनताको नाराबाट गरिने दमनबाट मुक्ति पाउने अठोट लिँदै, धार्मिक, भाषिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, साहित्य, कला आदिमा पूर्ण बन्देज लगाइएका भूटानी जनताले आफ्नो नैसर्गिक अधिकारका निम्ति आवाज उठाउनु नागरिक कर्तव्य हो भन्ने ठान्दै,

पुस्तौंदेखि अशिक्षाको दलदलभित्र जकडिदै आएका भूटानी जनताको नैसर्गिक अधिकारसहितको कानुनको स्थापना गर्ने लक्ष्य लिएर समाजिक, आर्थिक, शैक्षिक तथा राजनैतिक क्षेत्रमा पछिपरेका भूटानी जनताको बहुआयामिक हकहितको संरक्षण गर्न राष्ट्रियता, प्रजातन्त्र र प्रजातान्त्रिक समाजवादप्रति प्रतिवद्ध रहँदै समतामूलक समाजको सृर्जना गर्ने उद्देश्य राख्दै,

२१औं शताव्दीको विश्वसँगै अघिबढ्दै शान्ति र विकासको लक्ष्यमा पुग्ने अभियानमा सबै जात जाति र धर्मावलम्बीहरूसँग पारस्परिक सहयोग, सद्भाव तथा मैत्री सम्बन्ध कायम राख्न अधिराज्यभरका युवा-युवतीहरूलाई भावनात्मक एकताको सूत्रमा आवद्ध गराउन अत्यन्तै जरूरी महसुस गरी वर्तमान भौगोलिनस्थिति र भविष्यलाई समेत ध्यानमा राख्दै “भूटान पिपल्स पार्टी” नामक राजनैतिक दलको स्थापना गरिएको छ ।

भूटान पिपल्स पार्टीले आफ्नो स्थापनाकालदेखि नै प्रतिपादन गरेको राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र एवम् समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र भूटानी जनताको त्याग, तपस्या र वलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिँदै,

राष्ट्रियता, प्रजातन्त्रको स्थापना एवम् संरक्षण गर्ने अटल विश्वासकासाथ सभ्य, समतामुखी, सुखी तथा सम्पन्न राष्ट्रकारूपमा स्थापित गर्ने समाजिक, राजनितिक र आर्थिक विकास गर्ने उद्देश्यले भूटान पिपल्स पार्टीलाई एकतावद्ध, सुसंगठित र सक्षम राजनीतिक दलको रूपमा सञ्लन गर्नका लागि निर्माण गरिएको “भूटान पिपल्स पार्टीको विधान सन् १९९०” लाई सामाजिक, व्यवहारिक र वैज्ञानिक बनाउन परिमार्जनसहित संशोधन गर्न आवश्यक देखिएकोले निर्वासनकै अवस्थामा भए पनि पार्टीको केन्द्रिय समिति र पार्टीसँग सम्बद्ध भ्रातृ संस्थाका प्रतिनिधहरूको बृहत भेलाले संशोधन गरी मिति १९ दिसम्बर २००४ बाट (सन् १९९० लाई सन् २००४ मा संशोधन र परिमार्जन गरिएको रुपमा) लागू गरिएको छ ।

## परिच्छेद - १

### १.० संगठनको नाम र विधान

१-१ भूटानी जनताद्वारा आफ्नो हक हित संरक्षणका निम्ति सन् १९९० को २ जूनका दिन एउटा राजनैतिक दल गठन गरी **"भूटान पिपल्स पार्टी"** (**बिपिपि**) र अंग्रेजीमा **BHUTAN PEOPLES' PARTY (BPP)** भनी नामाकरण गरिएको छ ।

१-२ यस विधानलाई भूटानको राजनैतिक दल **"भूटान पिपल्स पार्टीको विधान"** भनी चिन्हिने छ र भूटान पिपल्स पार्टीभित्र मिति सन् १९९० को संशोधित १९ दिसम्बर २००४ बाट लागू भएको मानिने छ ।

१-३ यस विधानलाई पार्टीका पदाधिकारीलगायत सम्पूर्ण सदस्यहरूले अनुशासित भई पालना गर्नु पर्नेछ ।

१-४ यस पार्टीको सम्पूर्ण काम, कार्वाही यसै विधानमा लेखिएबमोजिम हुनेछ ।

### २.० उद्देश्य :

२.१ भूटानमा संसदीय शासन पद्धति, सम्वैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र हासिल गुर्नका साथै सम्पूर्ण नागरिकहरूका लागि आधारभूत मानवअधिकार, कानूनी राज्य, सांस्कृतिक एवम् धार्मिकअधिकार, स्वतन्त्रता, न्यायपूर्ण गतिशील समाजको निर्माण गर्नु भूटान पिपल्स पार्टीको मूल उद्देश्य हुनेछ ।

२.२ विश्वका प्रजातान्त्रिक समाजवादी दल तथा संघ-संस्थाहरूसँग मैत्री सम्बन्ध कायम गरी विश्वमा शान्ति स्थापना गर्ने कार्यमा संलग्न संयुक्त राष्ट्र संघ र यसका सहयोगी संस्था एवम् अन्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई सहयोग तथा समर्थन गर्दै, मानवअधिरको संरक्षण, सम्बर्धन गर्न सामाजिक, आर्थिक एवम् राजनैतिक अवस्थाको विकास गर्दै लैजाने छ ।

२.३ राष्ट्रको सार्वभौम सत्ताको सुरक्षा, राजसंस्थाको संरक्षण तथा जनताका सामाजिक, आर्थिक एवम् नैसर्गिक अधिकारको संरक्षण गर्न पार्टी सदैव क्रियाशील रहनेछ । यस उद्देश्यको प्राप्ति "**प्रजातान्त्रिक समाजवाद**" को आदर्श एवम् सिद्वान्त अनुरूप शान्तिपूर्ण ढंगबाट हुनेछ ।

# परिच्छेद - २

**३.० सदस्यता :**

३.१ भूटान पिपल्स पार्टीमा, **'साधारण'** र **'क्रियाशील'** गरी दुइतहको सदस्यता रहने छ।

३.२ **साधारण सदस्य :**

क. भूटान पिपल्स पार्टीको विधानलाई सर्वोपरि मान्दै पार्टीको अनुशासनभित्र रहन मञ्जुर हुने १८ वर्ष पुगेको भूटानी नागरिकले सदस्यता आवेदन फर्म भरी न्युल्ट्रम २५/- (पच्चीस) बुझाई साधारण सदस्य बन्न सक्नेछ।

ख. पार्टीमा सदस्यता लिने चाहने व्यक्तिको मानसिकस्थिति ठिक भएको र नैतिक पतन देखिने कुनै अभियोगमा नपरेको हुन पर्नेछ।

ग. पार्टीको साधारण सदस्यता लिएपछि मासिकरूपमा पार्टीलाई सहयोगस्वरूप न्युल्ट्रम ५/- (पाँच) बुझाउन पर्नेछ। क्रियाशील सदस्यता प्राप्त भएपछि न्युल्ट्रम ११/- (एघार) मासिकरूपमा बुझाउनु पर्नेछ।

घ. भूटान पिपल्स पार्टीको गाउँ, ब्लक, वा जिल्ला समितिले निर्धारित गरेको नियम र समयअनुसार साधारण सदस्यता दिनु वा नवीकरण गर्नु पर्नेछ ।

ङ. पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लंघनीय हुनेछ।

३.३ **क्रियाशील सदस्य :**

**क.** क्रियाशील सदस्यताका लागि निम्नबमोजिम योग्यता पुगेको साधारण सदस्यले नियमावलीबमोजिम आफ्नो गाउँ, ब्लक, वा जिल्लाको समितिमार्फत आवेदन दिनु पर्नेछ।

ख. पार्टीको कार्यमा दैनिकरूपमा संलग्न रही लगातार दुई वर्ष वा सोभन्दा बढी साधारण सदस्य रहेको भए,

ग. कुनै पनि भ्रातृ संस्था वा शुभेच्छुक संस्थाको साधारण सदस्य भई लगातार चार वर्षसम्म सक्रियरूपमा काम गरेको भए,

घ. पार्टीको उद्देश्य, नीति र कार्यक्रमलाई निरन्तर सघाउ पुऱ्याउँदै विभिन्न कष्ट, यातना, जेल या निर्वासन अवस्था भोगेको भए,

ङ. पार्टी र भातृ संस्थाको माध्यमबाट विकास निर्माण वा अन्य कुनै सामाजिक तथा रचनात्मक कार्यक्रममा सक्रिय रहँदै आएको भए,

च. पार्टीले आयोजना गरेको महत्त्वपूर्ण कार्यक्रम वा निर्वाचनहरूमा पार्टीको निर्देशानुसार सक्रियतापूर्वक संलग्न रहँदै आएको भए धारा ३-४, ३-६ को खण्ड (क), (ख) बमोजिम प्रक्रिया पुऱ्याई क्रियाशील सदस्यता दिइनेछ ।

३.४ गाउँ वा कुनै पनि क्षेत्रको समितिले प्रस्तावित गरेको साधारण सदस्यलाई क्षेत्रीय समितिको सिफारिसमा जिल्ला समितिले अनुमोदन गरेको र केन्द्रीय अध्यक्ष वा महासचिवले उपयुक्त ठानेको साधारण सदस्यलाई न्युल्ट्रम ५१/- लिई केन्द्रले क्रियाशील सदस्यता दिनेछ ।

३.५ तोकिएको शुल्क लिई क्रियाशील सदस्यताको प्रमाणपत्र नवीकरण गर्ने काम जिल्ला समितिले गर्नेछ । तर, पार्टी निर्वासनको अवस्था रहिञ्जेल केन्द्रले नै गर्नेछ ।

३.६ क्रियाशील सदस्यताको नवीकरण गर्दा धारा ३.३ को खण्ड क, ख, ग, घ र ङ' मा उल्लेखित आधारहरूका अतिरिक्त देहायका आधारमा गर्नु पर्नेछ :

(क) आफ्नो जिम्मामा रहेको वा आफूले तोकेबमोजिमको रकम वा सम्पत्ति नबुझाएकोमा कार्वाही भएको रहेछ भने सम्बन्धित निकायले कार्यवाहीको टुङ्गो लगाएको हुनु पर्नेछ ।

(ख) नियन्त्रणभन्दा बाहिरको परिस्थिति आइपरेको अवस्थाबाहेक कुनै पनि क्षेत्रको अधिवेशनमा अनिवार्य भाग लिएको हुनु पर्नेछ ।

३.७ भूटान पिपल्स पार्टीमा कानुनबमोजिम विलय हुने राजनैतिक दलका सदस्य वा शुभेच्छुक सदस्यहरूलाई केन्द्रिय समितिले पार्टीको सदस्यता प्रदान गर्न सक्नेछ । यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पनि पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रिय समितिले निर्णय गरेबमोजिम हुनेछ । यस धाराबमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको कागजात अभिलेखहरू सम्बन्धित जिल्लामा पठाइनु पर्नेछ ।

३.८ पार्टीका साधारण र क्रियाशील सदस्यहरूको नामावली र सम्पूर्ण विवरणसहितको अभिलेख तथा पार्टी सम्बन्धी अन्य आवश्यक अभिलेखहरू केन्द्रीय कार्यालयमा राखिने छ ।

३.९ पार्टीको सक्रिय सदस्यताको अवधि एक महाधिवेशनदेखि अर्को महाधिवेशनसम्मको लागि हुनेछ । नयाँ महाधिवेशन गर्ने प्रक्रिया आरम्भ हुँदा नवीकरण गर्नु पर्नेछ ।

३.१० पार्टीको क्रियाशील सदस्यता जुनसुकै समयमा पनि प्रदान गर्न सकिनेछ । तर महाधिवेशनको मितिभन्दा एक वर्ष पहिलेसम्म क्रियाशील सदस्यता प्राप्त गरेको वा सदस्यता नवीकरण गरेको व्यक्तिलाई मात्र मतदाता नामावलीमा समावेश गरिने छ ।

३.११ क्रियाशील सदस्यले आफ्नो सदस्यता भूटान अभिराज्यभरि स्थानान्तरण गर्न र पार्टी निर्वाचनमा भाग लिन सक्नेछ । तर पार्टीको कुनैतहको निर्वाचनको मितिभन्दा छ महिनाअघि स्थानान्तरण नभएको रहेछ भने निर्वाचनमा भाग लिन पाउने छैन ।

३.१२ सदस्यता स्थानान्तरण गर्नको निम्ति 'स्थानान्तरण आवेदन फर्म' भर्नु पर्नेछ र आफ्नो क्षेत्रको कार्यसमितिमा पेश गरी स्वीकृति पत्र प्राप्त गर्नु पर्नेछ ।

३.१३ पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यताबाट निष्कासन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिने छैन ।

# परिच्छेद - ३

## ४.० ब्लक तथा गाउँ समिति

४.१ ब्लक समितिको गठन निम्नबमोजिम हुनेछ ।

(क) ब्लक अधिवेशन गठन गर्ने प्रयोजनका लागि ब्लकको क्षेत्रलाई ब्लक अधिवेशन तथा ब्लक सम्मेलनको क्षेत्र मानिने छ ।

(ख) प्रत्येक ब्लकभित्रका सबै क्रियाशील सदस्यहरू सम्बन्धित ब्लकका अधिवेशनका सदस्य हुनेछन् ।

(ग) ब्लक अध्यक्षसहित जम्मा ११ सदस्यहरू रहेको ब्लक समितिको गठन गरिने छ ।

(घ) ब्लक समितिका लागि प्रत्येक ब्लकभित्रका क्रियाशील र साधारण सदस्यहरू मिलेर क्रियाशील सदस्यहरूमध्येबाट सम्बन्धित ब्लक समितिका लागि अध्यक्ष र छ जना सदस्यहरूको निर्वाचन गर्नेछन् ।

(ङ) धारा ४-१ को खण्ड (घ) बमोजिम निर्वाचित अध्यक्षले सम्बन्धित ब्लकभित्रका क्रियाशील सदस्यहरूमध्येबाट ब्लक समितिका लागि बढीमा चारजना मनोनयन गर्नेछ ।

(च) ब्लक समितिका अध्यक्षले धारा ४-१ को खण्ठ (घ) र (ङ) बमोजिम निर्वाचित र मनोनित सदस्यहरूमध्येबाट सचिव, सहसचिव र कोषाध्यक्ष मनोनयन गर्नेछ ।

४.२ ब्लक अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट जिल्ला अधिवेशनका लागि चार-चारजना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ ।

४.३ ब्लक समिति अन्तर्गतका गाउँ स्तरसम्म काम गर्नकालागि गाउँ समितिको गठन गरिनेछ ।

### ४.४ गाउँ समितिको गठन

(क) ब्लकभित्रका प्रत्येक गाउँ समितिका लागि सम्बन्धित ब्लकभित्रका क्रियाशील र साधारण सदस्यहरू मिलेर क्रियाशील सदस्यहरू मध्येबाट सम्बन्धित गाउँ समितिको अध्यक्षको निर्वाचन गर्ने छन् ।

(ख) धारा ४-३ को खण्ड (क) बमोजिम निर्वाचित गाउँ समितिका अध्यक्षले सम्बन्धित गाउँ समितिका लागि क्रियाशील सदस्यहरूमध्येबाट बढीमा ६ जना सदस्यहरू मनोनित गर्नेछ ।

४.५ पार्टीका सांसद वा पछिल्लो आम निर्वाचनमा प्रतिनिधि सभाका लागि उमेद्वार भएका व्यक्तिको जुन ब्लकको मतदाता नामावलीमा नाम छ, त्यसै ब्लकको समितिको पदेन सदस्य हुनेछ । त्यस्ता सदस्यहरूले मतदानको अधिकार प्राप्त गर्नेछन् ।

४.६ ब्लक समितिले वर्षमा एकचोटी ब्लक सम्मेलन गर्नु पर्नेछ । ब्लक अधिवेशनका सदस्यहरू नै ब्लक सम्मेलनका सदस्य हुनेछन् ।

४.७ ब्लक समितिको अध्यक्ष नै ब्लक अधिवेशन तथा ब्लक सम्मेलनको सभापति हुनेछ ।

४.८ भूटान पिपल्स पार्टीको महाअधिवेशन हुने वर्षबाहेक अन्य वर्षहरूमा ब्लक सम्मेलन बस्नेछ । ब्लक सम्मेलनले निर्वाचनबाहेक ब्लक अधिवेशनले गर्ने सबै काम गर्नेछ । ब्लक सम्मेलनले विभिन्न कार्यक्रमसमेत स्वीकृत गर्नेछ ।

## ५.० जिल्ला समिति

५.१ प्रत्येक जिल्लामा अधिवेशनको गठन गरिने छ । जिल्ला अधिवेशन देहायबमोजिम गठन हुनेछ :

(क) गाउँ समितिका अध्यक्षहरू

(ख) ब्लक समितिका अध्यक्षहरू

(ग) जिल्लाका सांसद एवम् प्रतिनिधि सभाको पछिल्लो निर्वाचनका लागि पार्टीको उमेद्वार भएका व्यक्ति,

(घ) जिल्ला अधिवेशनको लागि सम्बन्धित जिल्लाभित्रका धारा ५-८ अनुसार निर्वाचित प्रतिनिधिहरू र

(ङ) धारा ५.८ बमोजिम मानोनित जिल्ला अधिवेशनका सदस्यहरूबाट जिल्ला अधिवेशनको गठन हुनेछ ।

५.२ जिल्ला अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट महाअधिवेशनका लागि पाँच-पाँचजना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ ।

५.३ भूटान पिपल्स पार्टीको विकेन्द्रिकरण गरी कार्य विभाजन गर्ने योजनाबमोजिम प्रत्येक जिल्लामा निर्वाचित र मानोनित १५ जना सदस्यहरू रहने गरी जिल्लास्तरीय समितिको गठन गरिने छ ।

### ५.४ जिल्ला समितिको गठन

(क) जिल्ला समितिमा अध्यक्ष तथा सदस्यका लागि उम्मेद्वार हुन चाहने सम्बन्धित जिल्लाबाट कम्तिमा ७ वर्ष निरन्तर क्रियाशील सदस्य भएको व्यक्तिले कम्तिमा ५ जना प्रस्तावक र ७ जना समर्थक रहेको मनोनयन पत्र पार्टीको जिल्ला निर्वाचन समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

५.५ जिल्ला अधिवेशनले धारा ५.३ बमोजिमका उम्मेद्वारलाई सम्बन्धित जिल्लाबाट महाधिवेशनका लागि निर्वाचित भइआएका सदस्यहरूले जिल्ला समितिका लागि अध्यक्षको निर्वाचन गर्नेछन् । यसरी निर्वाचनहुँदा खसेको मतको ५० प्रतिशतभन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । निर्वाचनमा दुईजना मात्र उम्मेद्वार भएमा बढी मत ल्याउने उम्मेद्वार नै विजयी मानिने छ । तर, दुइभन्दा बढी उम्मेद्वार भएमा सबैभन्दा बढी मत ल्याउने दुइजना वीच पुनः मतदान गरी बढी मत ल्याउने उम्मेद्वार विजयी हुनेछ ।

५.६ जिल्ला समितिका ९ जना सदस्यहरुका लागि धारा ५-४ (क) अनुसार उम्मेद्वार हुनेलाई सम्बन्धित जिल्लाका क्रियाशील सदस्यहरूले निर्वाचन गर्नेछन् ।

५.७ धारा ५-५ बमोजिम निर्वाचित भइआएको जिल्ला अध्यक्षले क्रियाशील सदस्यहरू मध्येबाट जिल्ला समितिका लागि बढीमा ५ जना मनोनयन गर्नेछ ।

५.८ निर्वाचित जिल्ला अध्यक्षले निर्वाचित तथा मनोनित जिल्ला समितिका सदस्यहरूमध्येबाट उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मनोनयन गर्नेछ ।

५.९ निर्वाचित जिल्ला अध्यक्षले पिछडीएका जाति, जनजाति, महिला क्रियाशील सदस्यहरू तथा प्रजातन्त्र स्थापनाको आन्दोलनमा सक्रिय सहभागीहरूमध्येबाट जिल्ला अधिवेशनका लागि सात जनासम्म सदस्यहरू मनोनयन गर्न सक्नेछ । यसरी मनोनयन गर्दा दुर्गम गाउँहरूको प्रतिधित्त्व गराउनेतर्फ ध्यान दिइनेछ ।

५.१० नगरपालिका भएका जिल्लाहरूबाट नगरपालिकाभित्रको जनसंख्याको आधारमा क्रियाशील सदस्यहरूमध्येबाट जिल्ला समितिमा बढीमा ३ जना, जिल्ला अधिवेशनका लागि ४ जना र महाधिवेशनका लागि २ जना निर्वाचन गर्नु पर्नेछ ।

५.११ जिल्ला अधिवेशनले आफूमध्येबाट महाधिवेशनका लागि पाँच-पाँचजना, महासमितिका लागि तीन-तीनजना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ ।

## ६.० **जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार ।**

६.१ जिल्ला अध्यक्षको काम, कर्तव्य अधिकारः

(क) जिल्ला समिति गठन गर्ने, कार्य विभाजन गर्ने र आवश्यकताअनुसार हेरफेर गर्ने,

(ख) तल्लो निकायहरूलाई नीति निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने,

(ग) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरू तोक्ने,

(ङ) संसदीय र स्थानीय निर्वाचनमा पार्टीतर्फबाट उम्मेद्वारलाई सक्रिय सहयोग पुऱ्याउने,

(च) प्रत्येक वर्ष जिल्ला समितिले जिल्ला सम्मेलन बोलाउने,

(छ) जिल्ला सम्मेलनले जिल्ला समितिबाट प्रस्तुत वार्षिक कार्यक्रम र अन्य प्रतिवेदनमाथि छलफल र निर्णय गर्ने,

(ज) पार्टीका भ्रातृ संगठनहरूका जिल्लास्तरीय समितिहरूसँग समन्वय तथा सहयोग प्रदान गर्ने ।

६.२ अन्य काम, काज, कर्तब्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

६.३ जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला समिति तथा जिल्ला कार्य सम्पादन समितिको बैठक जिल्ला अध्यक्षको सभापतित्त्वमा बस्नेछ । अध्यक्षले आवश्यक परेमा निर्णय मत दिन सक्नेछ ।

**७.० जिल्ला सम्मेलनको गठन :**

७.१ जिल्ला सम्मेलनको गठन निम्नानुसार हुनेछ ।

(क) जिल्ला समितिका अध्यक्ष,

(ख) जिल्ला समितिका सदस्यहरू

(ग) गाउँ समितिका अध्यक्षहरू,

(घ) ब्लक समितिका अध्यक्षहरू,

(ङ) महाअधिवेशन प्रतिनिधिहरू,

(च) धारा ५.९ अनुसार मनोनित जिल्ला अधिवेशनका सदस्यहरू ।

७-२ जिल्ला समितिको अध्यक्ष नै जिल्ला अधिवेशन तथा जिल्ला सम्मेलनको सभापति हुनेछ ।

**८.० जिल्ला समितिको जिम्मेवारी**

८.१ जिल्ला समितिले जिल्ला अध्यक्षको सभापतित्वमा जिल्ला समितिका उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र निर्वाचित जिल्ला सदस्यहरूमध्येबाट एकजना महिला र एकजना पुरुषलाई मनोनयन गरी जिल्ला कार्यसम्पादन समिति बनाउने छ ।

८.२ जिल्ला अधिवेशन र जिल्ला सम्मेलनको बैठकले जिल्लाको सङ्गठन र जिल्ला समितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने तथा केन्द्रमा प्रतिवेदन पठाउने छ । यसरी प्रतिवेदन पठाउँदा महासमितिको सदस्य एवम् महाधिवेशनका प्रतिनिधिहरूले दिएको प्रतिवेदनको प्रमुख बूँदाहरूसमेत उल्लेख हुनु अनिवार्य हुनेछ ।

८.३ जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा जिल्ला अध्यक्षको निर्वाचनबाहेक जिल्ला अधिवेशनले गर्ने सबै कार्य गर्नेछ । जिल्ला सम्मेलन वर्षमा एकपटक हुनेछ । तर, जिल्ला अधिवेशन हुने वर्षमा भने जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला समितिले आवश्यक ठानेको खण्डमा जिल्ला सम्मेलनको बैठक बोलाउन सक्नेछ ।

८.४ जिल्ला समितिको बैठक साधारतया दुई महिनामा एकपटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

८.५ जिल्ला समितिले ब्लक समितिहरू वीच समन्वय कायम गर्ने र आवश्यक परेमा सहयोग एवम् निर्देशन दिनेछ ।

८.६ जिल्ला समितिले आफ्नो जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृ संस्थाहरू, शुभेच्छुक संस्थाहरू, गाउँ समिति, ब्लक समिति, नगरपालिका, जिल्ला समिति, सरकारी र गैर सरकारी कार्यालय एवम् संस्थाहरूसँग सम्पर्क राखी प्रशासनिक दृष्टिबाटसमेत समाधानको पहल, उपायहरूको खोजी तथा आवश्यक सहयोग प्रदान गर्नेछ ।

८.७ केन्द्रबाट प्राप्त निर्देशन तथा निर्णयहरूको पालना गर्नु, गराउनु जिल्ला समितिको दायित्व एवं कर्तव्य रहनेछ ।

८.८ पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र, पार्टी सिद्धान्त र साहित्य विकास आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने जिम्मेवारी रहनेछ ।

८.९ समय-समय गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने, गराउने छ ।

८.१० जुवा, धुम्रपान, मद्यपान, लागूपदार्थ, दुर्व्यसनजस्ता सामाजिक विकृतिका विरुद्धमा जनचेतना जगाउने तथा विकलाङ्ग, असहाय बालक र बृद्धहरूको हितका लागि प्रयत्नशील रहने छ ।

८.११ आफ्नो जिल्लामा महासमिति वा महाधिवेशन हुने भएमा त्यसको व्यवस्या गर्ने, गराउने छ ।

८.१२ राष्ट्रिय तथा पार्टीमहत्वका अवसरहरू र पर्व आदिमा रक्तदान, वृक्षरोपण, सरसफाई आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने छ ।

८.१३ पार्टीको जिल्ला समितिअन्तर्गत रहेका निकाय तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाहरूको क्रियाकलाप समीक्षा गर्नेछ ।

८.१४ समय समयमा स्थानीय निकायमा पार्टीकातर्फबाट निर्वाचित पदाधिकारीहरू सँग विचार विमर्श गरी समन्वय गर्ने र गराउने छ ।

८.१५ जिल्ला समितिले जिल्ला अध्यक्षबाहेक आफ्नो जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त हुनआएमा, छ महिनाभित्रमा यस विधानबमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

८.१६ जिल्ला समितिले आफ्नो जिल्लाभित्र तोकिएको जिम्मेवारीबाहेक पनि आवश्यताअनुसार केन्द्रको सिफारिसमा विभिन्न समितिहरू गठन गर्न, गराउन सक्नेछ ।

## परिच्छेद - ४

### ९.० महाधिवेशन

९.१ महाधिवेशन, भूटान पिपल्स पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

९.२ महाधिवेशनको गठन देहायबमोजिम हुनेछ :

(क) केन्द्रीय अध्यक्ष,

(ख) केन्द्रीय उपाध्यक्ष,

(ग) महासचिवहरू,

(घ) केन्द्रीय समिति सदस्यहरू,

(ङ) महासमिति सदस्यहरू,

(च) जिल्ला समितिका अध्यक्षहरू,

(छ) प्रत्येक जिल्ला समितिबाट ५-५जना,

(ज) प्रत्येक ब्लक समितिका अध्यक्षहरू

(झ) भ्रातृसंस्था र शुभेच्छुक संघ-संस्थाहरूबाट ७/७ जना प्रतिनिधिहरू,

(ञ) क्रियाशील सदस्यहरूमध्येबाट महिला, दलित, आदिवासी, जनजाति र पछडिएका वर्गबाट केन्द्रीय अध्यक्षद्वारा यस विधानको धारा ३८.२ बमोजिम मनोनित बढीमा तीसजना सदस्यहरू,

(ञ) निवर्तमान अध्यक्ष र केन्द्रीय सदस्यहरू, र

(ट) पार्टीबाट आमन्त्रित विशिष्ठ पाहुनाहरू ।

९.३ केन्द्रीय अध्यक्ष र महासचिव महाअधिवेशनको सभापति र सचिव हुनेछन् ।

### १०.० महाधिवेशनको काम, कर्तव्य र अधिकार

१०.१ महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) महाधिवेशनले, महाधिवेशका सदस्यहरूमध्येबाट धारा १५.१ बमोजिमको उम्मेद्वारलाई केन्द्रीय अध्यक्षको निर्वाचन गर्नेछ । यसरी निर्वाचन हुँदा खसेको मतको ५० प्रतिशतभन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । निर्वाचनमा दुइजना मात्र उम्मेद्वार भएमा बढी मत ल्याउने उम्मेद्वार विजयी मानिने छ । तर दुइभन्दा बढी उम्मेद्वार भएमा र कसैले पनि पचास प्रतिशतभन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुइजना बीच पुनः मतदान हुनेछ । यसरी मतदान हुँदा साधारण बहुमत प्राप्त गर्ने उमेद्वार विजयी हुनेछ ।

(ख) महाधिवेशनका सदस्यहरूले कम्तिमा दशवर्ष निरन्तर क्रियाशील सदस्य रहेको महासमितिका सदस्यहरूमध्येबाट २३ जना केन्द्रीय समितिका लागि सदस्यको निर्वाचन गर्नेछन् ।

(ग) महासमिति र केन्द्रीय समितिद्वारा प्रस्तुत गरिएका विषयमा समय, परिस्थिति, परिवेश साथै तत्कालीन एवम् दीर्घकालीन आवश्यकतालाई मध्यनजर राखी विचार र छलफल गरी निर्णय गर्नेछ ।

(घ) दीर्घकालीन महत्त्वका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा पार्टीको नीति निर्धारण गर्नेछ ।

१०.२ महाधिवेशनले आफ्नो अधिकार महासमिति, केन्द्रिय कार्यसमिति र केन्द्रिय अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ११.० <u>महाधिवेशनको कार्यविधि</u> :

११.१ पार्टीको महाधिवेशन केन्द्रीय समितिले तोकेको मिति, स्थान र समयमा सामान्यतया प्रत्येक ५ वर्षमा हुनेछ ।

११.२ महाधिवेशनका प्रतिनिधिहरूले महाधिवेशनमा प्रस्तुत गरिने प्रस्तावहरू महाधिवेशन बस्नभन्दा पन्द्र दिन अघाडी नै आ-आफ्नो जिल्लामार्फत केन्द्रमा बुझाउनु पर्नेछ ।

११.३ केन्द्रीय समितिले आवश्यक ठानेको खण्डमा वा महाधिवेशनका ३० प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउनु पर्ने कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ७० दिनभित्रमा विशेष महाधिवेशन बोलाउनु पर्नेछ ।

## १२.० केन्द्रीय महासमिति

१२.१ भूटान पिपल्स पार्टीको महासमितिको गठन :

(क) भूटान पिपल्स पार्टीको केन्द्रीय अध्यक्ष,

(ख) प्रत्येक जिल्ला अधिवेशनबाट निर्वाचित तीन-तीन जना सदस्यहरू,

(ग) महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट केन्द्रीय अध्यक्षले महिला, दलित, आदिवासी जनजाति र पिछडिएका वर्गबाट मनोनित गरेका बढीमा दशजना सदस्यहरू,

(घ) निवर्तमान केन्द्रीय अध्यक्ष र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य रहने छन्,

(ङ) केन्द्रीय अध्यक्ष र महासचिव महाधिवेशनको सभापति र सचिव हुनेछन् ।

१२-२ महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदासम्मको अवस्थामा केन्द्रीय अध्यक्ष र केन्द्रीय समितिका सदस्यको निर्वाचनबाहेक महाधिवेशनको सबै कार्य गर्नेछ ।

१२.३ महासमितिको साधारण बैठक प्रत्येक दुई वर्षमा एकपटक बस्नेछ । तर, महाधिवेशन हुने वर्षमा भने महासमितिको बैठक हुनेछैन ।

१२.४ केन्द्रीय समितिले आवश्यक ठानेमा वा महासमितिका चालीस प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई बैठक बोलाउन केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ४५ दिनभित्रमा महासमितिको विशेष बैठक अनिवार्य बोलाइउनु पर्नेछ ।

## परिच्छेद-५

### १३-० केन्द्रीय समिति

१३.१ भूटान पिपल्स पार्टीको केन्द्रीय समितिमा पदेन सदस्यहरूबाहेक केन्द्रीय अध्यक्षसमेत बढीमा ३३ जना सदस्य रहने छन् ।

१३.२ केन्द्रीय समिति यसप्रकारले गठन गरिएको हुनेछ :

(क) महाधिवेशनबाट निर्वाचित केन्द्रीय अध्यक्ष,

(ख) महाधिवेशनका सदस्यहरूले कम्तिमा १० वर्ष निरन्तर क्रियाशील सदस्य रही निर्वाचित महासमिति सदस्यहरूमध्येबाट निर्वाचित भएका २३ जना सदस्य,

(ग) कम्तिमा १० वर्ष निरन्तर क्रियाशील सदस्य भएको महासमितिका सदस्यहरुमध्येबाट केन्द्रिय अध्यक्षले मनोनित गरिने ९ जना सदस्य,

(घ) संसदीय दलको नेता पदेन सदस्य हुनेछ । तर महासमितिको सदस्य नभएमा मतदानको अधिकार हुनेछैन ।

(ङ) भ्रातृसंस्थाका अध्यक्षहरू पदेन सदस्य रहने छन् । मतदानको अधिकार हुने छैन ।

१३.३ केन्द्रीय अध्यक्षले केन्द्रीय समितिका सदस्यहरूमध्येबाट आवश्यकतानुसार एक वा एकभन्दा बढी उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, विभागीय प्रमुख, सहायक विभागीय प्रमुखहरू नियुक्त तथा कार्य-विभाजन गर्न सक्नेछ । यसरी नियुक्ति गर्दा आवश्यकतानुसार केन्द्रीय अध्यक्षले पार्टीको प्रवक्ता तोक्न वा मनोनयनसमेत गर्न सक्नेछ ।

### १४-० केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :

१४.१ केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) महासमिति र महाधिवेशनको बैठक नभएको बेला पार्टीसँग सम्बन्धित विषयहरूमा निर्णय गर्ने र आगामी दिनमा बस्ने महासमिति र महाधिवेशनमा पेश गर्ने ।

(ख) महासमिति र महाधिवेशनका निर्णियहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।

(ग) केन्द्रीयस्तरमा आवश्यकताअनुसार विभिन्न विभागहरू तथा निकायहरूको गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

(घ) पार्टीको आचार संहिता पालना गराउने र अनुशासन कायम राख्ने ।

(ङ) पार्टीका भातृसंस्थाहरूलाई सम्बन्धन दिने र आवश्यक निर्देशन गर्ने ।

(च) विभिन्न प्रयोजनका लागि आवश्यकताअनुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवम् पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मुल्याङ्कन गरी केन्द्रीय कार्यालय अर्न्तगत कार्यान्वयन गराउने ।

(छ) पार्टीका विभिन्न निकाय र भातृ-संस्थाहरूबाट प्राप्त प्रतिवेदनहरू छानविन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाई समेत गर्ने ।

(ज) संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मुल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(झ) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलको प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।

(ञ) विश्वका समाजवादी दल तथा अन्तर्राष्ट्रिय मानवीय संघ-संस्थाहरूसँग सम्पर्क तथा मैत्री सम्बन्ध कायम राखी परस्पर हितलाई संरक्षण गर्ने ।

(ट) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति उपलब्ध श्रोतको परिचालन गर्न कोषाध्यक्षको संयोजकत्त्वमा आर्थिक श्रोतको व्यव्थापन तथा परिचालन गर्न आर्थिक श्रोत परिचालन समितिको गठन गर्ने ।

(ठ) लेखापरिक्षक (अडिट) नियुक्ति गरी दलका सबैतहको आर्थिक व्यवस्थापन स्पष्ट, पारदर्शक र नियमित राख्ने तथा राख्न लगाउने ।

## १५.० केन्द्रीय अध्यक्षको निर्वाचन

१५.१ भूटान पिपल्स पार्टीको केन्द्रीय अध्यक्षका लागि उमेद्वार हुन चाहने निर्वाचित महासमितिका सदस्यहरूले महाधिवेशनका सदस्यहरूमध्ये कम्तिमा एघारजना प्रस्तावक र सातजना समर्थक रहेको मनोनयन पत्र पार्टीको निर्वाचन समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

१५.२ निर्वाचन समितिले निर्वाचनको मिति र कार्यक्रम तोक्नेछ तथा सम्पन्न गराउने छ ।

१५.३ केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनका रूपमा सञ्चालन गर्न नेतृत्त्व प्रदान गर्ने,

(२) महाधिवेशन, महासमिति, केन्द्रीय समिति, केन्द्रीय कार्य-सम्पादन समिति र संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यकता परेमा निर्णायक मत प्रदान गर्ने,

(३) पार्टीकातर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियक्षेत्रमा आवश्यक प्रतिनिधत्त्व गर्ने वा गर्न लगाउने,

(४) पार्टीका अगाडी तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय समितिलाई दिने,

(५) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र गर्न लगाउने,

(६) केन्द्रीय समिति, महासमिति र महाधिवेशनका मनोनित प्रतिनिधि तथा सदस्यहरू एवम् धारा १४-१ (ग). बमोजिम नियुक्त एवम् मनोनित व्यक्तिहरूको आवश्यकताअनुसार अदलबदल गर्ने,

(७) केन्द्रीय विभाग एवम् अन्य केन्द्रीय निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन या अदलबदल गर्ने,

(८) केन्द्रीय अध्यक्षले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी जाँचबुझ गर्ने, गराउने ।

१५.४ केन्द्रीय अध्यक्षलाई छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकताअनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्नसक्ने अधिकार रहनेछ । तर, केन्द्रीय अध्यक्षले त्यस्तो निलम्बनलाई केन्द्रीय समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

१५.५ केन्द्रीय अध्यक्षले पार्टीको कुनै पनि निकायको कार्य सम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न र केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफर गर्न सक्नेछ ।

## परिच्छेद - ६

## १६.० राजीनामा

१६.१ केन्द्रीय अध्यक्षले राजीनामा दिन चाहेमा केन्द्रीय उपाध्यक्ष वा महासचिवमार्फत केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ ।

१६.२ केन्द्रीय अध्यक्षले दिएको राजीनामा तत्काल स्वीकृत गर्नुपर्ने देखिएमा केन्द्रीय समितिले राजीनामा स्वीकृत गरी केन्द्रीय उपाध्यक्षलाई अथवा आफूमध्येबाट कार्यवाहक अध्यक्षको चयन गर्नेछ र धारा १४.२ अनुसार विषेश महाधिवेशन बोलाई केन्द्रीय अध्यक्षको निर्वाचन गराउने छ ।

१६.३ अन्य कुनै कारणबाट केन्द्रीय अध्यक्षको पद रिक्त हुनआएमा पनि २१.२ बमोजिम गरिने छ ।

१६-४ जिल्ला, क्षेत्र, ब्लक तथा गाउँका अध्यक्षहरूले राजीनामा दिँदा आफूभन्दा माथिल्लो निकायको अध्यक्षसमक्ष दिनु पर्नेछ । क्षेत्रीय प्रतिनिधिहरूले राजीनामा दिँदा क्षेत्रीय अध्यक्षमार्फत जिल्ला अध्यक्षलाई दिनु पर्नेछ । महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजीनामा दिँदा जिल्ला अध्यक्षमार्फत केन्द्रीय अध्यक्षलाई दिनु पर्नेछ ।

### १७.० महासचिवको काम, कर्तव्य र अधिकार

१७.१ महासचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) भूटान पिपल्स पार्टीको केन्द्रिय कार्यालय महासचिवको मातहत रहने छ ।

(ख) पार्टीको प्रमुख केन्द्रिय कार्यालयको रेखदेख र नियमित सञ्चालन गर्ने, गराउने,

(ग) दैनिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी गराउने, सल्लाह दिने,

(घ) पार्टीको संगठन संरचना दुरुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी निकायहरुमा पार्टीको नीति सम्बन्धी गतिविधि वारेमा आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ङ) पार्टी सम्बन्धि कार्यमा अध्यक्षको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने,

(च) केन्द्रिय समिति, महासमिति र महाअधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने, पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने,

(छ) महाअधिवेशन, महासमिति, केन्द्रिय समिति र केन्द्रिय कार्य-सम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

१७.२ महाअधिवेशन, महासमिति, केन्द्रिय समिति, केन्द्रिय कार्य-सम्पादन समिति र अन्य केन्द्रिय समितिहरुको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी महासचिवको हुनेछ ।

**१८.० पार्टीको कोष**

१८.१ भूटान पिपल्स पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायबमोजिम रकमहरु रहनेछन् ।

(क) पार्टीको सदस्यता आवेदन तथा नविकरणबाट प्राप्त रकम,

(ख) तोकिएबमोजिम पार्टीका सदस्यहरुबाट प्राप्त हुने रकम,

(ग) अन्य विविध रकम,

१८.२ पार्टीको भातृसंस्थाको सदस्य, शुभेच्छुक संघ-संस्था या व्यक्तिले पनि पार्टीले निर्धारित गरेको सहयोग शुल्क बुझाउन सक्नेछन् । यसप्रकार नियमित शुल्क बुझाउनेहरुको व्यवस्थित अभिलेख राखिएको हुनु पर्नेछ ।

१८.३ संगठनको सम्पूर्ण आय-व्यय र हिसाब-किताबको लेखापरिक्षण पार्टीको केन्द्रिय समितिले नियुक्त गरेको लेखापरिक्षकबाट गराइने छ । लेखापरिक्षकबाट प्राप्त लेखापरिक्षणको प्रतिवेदन तुरुन्तै बसेको महासमिति तथा महाअधिवेशनमा प्रस्तुत गर्नु पर्नेछ ।

**१९.० कोषाध्यक्ष**

१९.१ भूटान पिपल्स पार्टीको श्रोत परिचालनका निम्ति केन्द्रिय समितिले आफूमध्येबाट आर्थिक श्रोत परिचालन समितिको गठन गर्नेछ ।

१९.२ केन्द्रिय अध्यक्षद्वारा आर्थिक श्रोत परिचालन समितिमा कोषाध्यक्षको मनोनयन गर्नेछ ।

१९.३ आर्थिक परिचालन, पार्टीको केन्द्रिय आर्थिक श्रोत परिचालन नियमावली अनुसार हुनेछ ।

१९.४ कोषाध्यक्षको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) भूटान पिपल्स पार्टीका निम्ति आवश्यक आर्थिक श्रोत-साधनको व्यवस्था गर्ने,

(२) कोषको संरक्षण र संवर्धन गर्ने तथा सम्पूर्ण आय-व्ययको अद्यावधिक अभिलेख राख्ने,

(३) केन्द्रिय समितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीको नाममा खाता खोल्ने र केन्द्रिय समितिको निर्णयअनुसार सञ्चालन गर्ने,

(४) पार्टीको कोषका निम्ति प्राप्त हुने सदस्यता शुल्क, मासिक सहयोग र अन्य शुभेच्छुक र समर्थकहरुबाट प्राप्त हुने रकम सङ्कलन गर्ने, गराउने,

(५) सङ्कलित रकम पार्टीको विभिन्न काम र निकायको खर्चकालागि केन्द्रिय समितिको निर्णयअनुसार वितरण गर्ने र त्यसको हिसाब राख्ने,

१९.५ पार्टीको आय-व्ययको वार्षिक प्रतिवेदन तैयार गरी केन्द्रिय समितिमार्फत महासमिति र महाअधिवेशनमा प्रस्तुत गर्ने ।

## २०.० केन्द्रिय सम्पादन समिति ।

२०.१ केन्द्रिय अध्यक्षको सभापतित्वमा केन्द्रिय कार्यसम्पादन समितिको गठन गरिने छ ।

२०.२ केन्द्रिय उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, प्रवक्ता, केन्द्रिय समितिबाट एकजना महिला सदस्य तथा संसदीय दलको नेता केन्द्रिय कार्य सम्पादन समितिमा पदेन सदस्य रहने छन् ।

२०.३ केन्द्रिय समितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रिय कार्यसमितिले गर्नु पर्ने काम यो समितिले गर्नेछ । तर, आफ्नो कामको विवरण यथाशीघ्र केन्द्रिय समितिको बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

२०.४ पार्टीको केन्द्रिय कार्यालयअन्तर्गत रहेको सम्पूर्ण विभागहरुको समीक्षा गर्नेछ ।

२०.५ समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका प्रमुखहरुसँग संयुक्तरुपमा विचार विमर्शको आयोजना गर्नेछ ।

## २१.० संसदीय समिति

२१.१ केन्द्रिय समितिले आफूमध्येबाट एक संसदीय समिति गठन गर्नेछ ।

२१.२ केन्द्रिय अध्यक्ष र महासचिव संसदीय दलको पदेन सभापति र सचिव हुनेछन् ।

२१.३ संसदीय समितिमा बढीमा सात सदस्यीय कार्यसमिति हुनेछ ।

२१.४ संसदीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पार्टीकातर्फबाट संसदका लागि हुने निर्वाचनमा उमेद्वार चयन गर्ने,

(ख) जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष र नगरपालिका प्रमुख, उप प्रमुखको उमेद्वारी चयन गर्ने ।

(ग) संसदीय समितिले स्थानीय निकायका अन्य पदमा उमेद्वार चयनका लागि पार्टीको जिल्ला समितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ७

### २२.० केन्द्रिय अनुशासन समिति

२२.१ पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रिय कार्यसमितिले आफूमध्येबाट केन्द्रिय अनुशासन समिति गठन गर्नेछ ।

२२.२ केन्द्रिय अनुशासन समितिमा एकजना प्रमुख र ४ जना सदस्यहरु रहनेछन् ।

२२.३ केन्दिय अनुशासन समितिले यो विधानअनुसार सल्लाह, सुझाव तथा अनुशासनिक निर्णय दिन सक्नेछ ।

२२.४ केन्द्रिय अनुशासन समितिले पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरुद्ध अथवा विधानको उलङ्घन भयो भनी पार्टीका पदाधिकारी तथा सदस्यहरुका विरुद्ध पार्टी निकायबाट पर्न आउने उजुरी सुन्ने र छानवीन गर्नेछ ।

२२.५ केन्द्रिय अनुशासन समितिले पार्टीको अनुशासन भङ्ग गर्ने सदस्य वा पदाधिकारीहरुमाथि कारवाई गर्दा नियमावली र आचारसंहिता अनुसार कसुर हेरी सम्झाउने, चेतावनी दिने निलम्वन वा निश्कासन गर्नेछ । तर, यसरी कारवाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि बञ्चित गरिनु हुन्न ।

२२.६ केन्द्रिय अनुशासन समितिको निर्णयद्वारा गरिने कारवाईमा निलम्बन गर्दा ६ महिना र निस्काशँन गर्दा बढीमा तीन वर्षका लागि गर्न सकिने छ ।

२२.७ केन्द्रिय अनुशासन समितिको कारवाईमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेको खण्डमा आफूले सूचना पाएको मितिले पैतीस दिनभित्र केन्द्रिय कार्यसमितिमा पुनरावलोकनका लागि अपील गर्न सक्नेछ ।

२२.८ पुनरावलोकनका लागि अपील परेको एक महिनाभित्रमा पार्टीको केन्द्रिय कार्यसमितिको बैठकले छानविन गरी निर्णय दिन सक्नेछ ।

२२.९ केन्द्रिय समिति, जिल्ला समिति, ब्लक समिति तथा गाउँ समितिहरुका सदस्यहरु लगातार ३ पटक बैठकमा विना सूचना अनुपस्थित रहेमा सो व्यक्ति सम्बन्धित समितिको सदस्य रहने छैन ।

२२.१० भूटान पिल्पस पार्टीको केन्द्रिय समितिको निर्णय नै अन्तिम हुनेछ ।

**२३.० जिल्ला अनुशासन समिति**

२३.१ जिल्ला समितिले आफ्ना सदस्यमध्येबाट तीन सदस्य जिल्ला अनुशासन समितिको गठन गर्नेछ ।

२३.२ जिल्ला अनुशासन समितिले आफ्नो प्रतिवेदन यथाशीघ्र केन्द्रिय अनुशासन समितिमा पठाउनु पर्नेछ ।

२३.३ केन्द्रिय अनुशासन समितिले जिल्ला अनुशासन समितिलाई आफना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२३.४ उपधारा २८.५ बमोजिम अधिकार प्राप्त जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझ्मा निर्णयको सूचना पाएको मितिले पैतीस दिनभित्र केन्द्रिय अनुशासन समितिमा पुनरालोकनका लागि अपील गर्न सक्नेछ ।

## परिच्छेद - ८

### २४.० केन्द्रिय निर्वाचन समिति

२४.१ यस विधानमा अन्यथा व्यवस्था भएकोबाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रिय समितिले ५ सदस्यीय केन्द्रिय निर्वाचन समिति गठन गर्न सक्नेछ ।

२४.२ पार्टीको सबै तहको निर्वाचनमा आवश्यक भएमा गोप्य मतदानद्वारा गरिनेछ । अन्य प्रक्रिया केन्द्रिय निर्वाचान समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२४.३ यस विधानको धारा २९ को उपधारा २९.१ बमोजिम गठन गरिएको केन्द्रिय निर्वाचन समिति महाअधिवेशन समाप्त भएको ६० दिनपछि स्वतः विघटन हुनेछ ।

२४.४ गाउँ, ब्लक तथा जिल्लास्तरको पार्टी निकायको कुनै पनि पद रिक्त भएमा वा हुनआएमा यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रिय अध्यक्षले सम्बन्धित जिल्लालाई निर्वाचन गराउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२४.५ भूटान पिपल्स पार्टीको महाअधिवेशन हुने वर्षमा केन्द्रिय समितिले तोकेको मितिमा यस पार्टीको गाउँ, ब्लक तथा जिल्लास्तरको अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्नेछ ।

### २५.० संसदीय दल

२५.१ प्रतिनिधि सभा र राष्ट्रिय सभाको पार्टीका सांसदहरु भूटान पिपल्स पार्टीको संसदीय दलका सदस्य हुनेछन् ।

२५.२ संसदीय दलमा प्रतिनिधि सभाका सदस्यहरुले आफूमध्येबाट संसदीय दलको नेता चयन गर्नेछन् ।

२५.३ संसदीय दलको काम, कर्तव्य र कार्यसञ्चालन पार्टीको केन्द्रिय समितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ ।

## २६.० पदावधि

२६.१ भूटान पिपल्स पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरुको अवधि पाँच वर्षको हुनेछ । असाधारण परिस्थिति आइपरेमा केन्द्रिय समितिले सोको कारण खुलाई बढीमा दुइ वर्षसम्मका लागि अवधि बढाउन सक्नेछ ।

२६.२ पार्टीका जिल्ला अध्यक्षहरु केन्द्रिय सदस्यमा निर्वाचित भएमा उनीहरु अध्यक्षको पदबाट स्वतः मुक्त हुनेछन् ।

२६.३ गाउँ, ब्लक तथा जिल्लाका अध्यक्षहरु महाअधिवेशन प्रतिनिधि एवम् महासमिति सदस्यबाहेकका अन्य कुनै माथिल्लो निकायको पदमा निर्वाचित भएमा तल्लो निकायको पदबाट स्वतः मुक्त हुनेछन् ।

२६.४ पार्टीको केन्द्रिय समितिको अध्यक्ष र जिल्ला समितिको अध्यक्ष निरन्तररुपमा तीनभन्दा बढी पदावधि विताएको भए उमेद्वार हुन पाउने छैन ।

## परिच्छेद - ९

### २७.० अविश्वासको प्रस्ताव

२७.१ पार्टीका सबैतहका अध्यक्षका विरुद्ध सम्बन्धित समितिका पच्चीस प्रतिशत सदस्यहरुले अविश्वासको प्रस्ताव सम्बन्धित समितिमा दर्ता गराउन सक्नेछन् ।

२७.२ यसरी दर्ता हुन आएको प्रस्तावमाथि आवश्यक छानवीन गरी साठी दिनभित्र सम्बन्धित समितिको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नु पर्नेछ । यस्तो निर्णय गर्दा उपाध्यक्ष र सो नभएमा महासचिव अथवा पार्टीको सल्लाहकार समितिको प्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

२७.३ सम्पूर्ण सदस्य संख्याको दुइ तिहाई बहुमत भए मात्र अविश्वास प्रस्ताव पारित भएको मानिने छ ।

### २८.० <u>निलम्बन र विघटन</u>

२८.१ पार्टीका कुनै पनि निकाय वा पदाधिकारी विधान वा केन्द्रिय निर्देशन विपरितका काममा संलग्न भएको देखिएको खण्डमा वा निष्क्रिय भएको पाइएमा केन्द्रिय समितिले आवश्यक छानवीन गरी यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ ।

२८.२ यसरी विघटन गरिए वा हटाईएमा केन्द्रिय समितिले तत्काल तदर्थ समिति गठन गरी बढीमा छ महिनाभित्रमा विधानबमोजिम निर्वाचन गरी पदपूर्ति गरिने छ । पार्टीको विघटन भएमा पार्टीको हक र दायित्व प्रचलित कानुनबमोजिम हुनेछ ।

२८.३ कुनै कारणले पार्टीका कुनै पनि निकाय रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमाबाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ ।

### २९.० गणपुरक संख्या

२९.१ पार्टीका सबै निकायहरुको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या रहेको मानिने छ ।

## ३०.० विधान संशोधन

३०.१ यो विधानलाई संशोधन गर्न आवश्यक देखिएमा महाअधिवेशनमा रहेका सम्पूर्ण सदस्य संख्याको साधारण बहुमतले र महासमितिमा रहेका सम्पूर्ण सदस्य संख्याको दुइ तिहाई बहुमतले संशोधन गर्न सकिनेछ ।

३०.२ केन्द्रिय समिति र महाअधिवेशन वा महासमितिका पच्चीस प्रतिशत सदस्यहरुले केन्द्रिय समतिमार्फत विधान संशोधनको प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् ।

३०.३ विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरुमा अपर्भ्कट निर्णय गर्नु परेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रिय समितिले गर्न सक्नेछ । यद्यपि यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाअधिवेशनमा पेश गरी अनिवार्य अनुमोदन गराइनु पर्ने पर्नेछ ।

## ३१.० नियमावली

३१.१ यो विधानअनुरुप केन्द्रिय समितिले आवश्यक नियमावलीहरु र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

## ३२.० पार्टीको झण्डा, छाप तथा चिन्ह

३२.१ **झण्डा** : भूटान पिपल्स पार्टीको झण्डा समान आयाताकार भएको छड्के दुइभागमा माथिल्लो भाग सेतो र तल्लो भाग हरियो रंगको हुनेछ । माथिल्लो भागमा ठूलो भागपट्टिको छेउमा एउटामात्र पहेलो रंगको पाँचकुने तारा रहनेछ ।

(क) झण्डामा रहेको माथिल्लो भागको सेतो रंगले पार्टी पूर्णरुपले शान्तिको सम्मान गर्ने, अहिंसा र समानता प्रति प्रतिवद्ध रहनेछ भन्ने दर्शाउछ भने तल्लो भागका रहेको हरियो रंगले आर्थिक समुन्नति र पर्यावरण संरक्षणप्रति पार्टीको प्रतिवद्धता जनाउँदछ । पाँचकुने ताराको पहेलो रंगले राजा र राजसंस्थाप्रति आस्था र अटल विश्वास र बहुजाति, बहुभाषि, बहुधार्मिक समुदायको एकताको प्रतिकको रुपमा मान्यता दिने जनाउँदछ ।

३२.२ **छाप** : केन्द्रिय कार्यसमितिले तोकेअनुसार सबैतहमा एकै प्रकारको छाप रहनेछ ।

३२.३ **चिन्ह** : पार्टीको चिन्ह चारकुने दोर्जीज्याङ्राम गोलाकार रिङ्गभित्र रहनेछ । यसको मुनि भागमा जोङ्खा अक्षर र माथिल्लो भागमा नेपाली अक्षरमा भूटान पिल्पस पार्टी लेखिएको हुनेछ ।

(क) मूल दोर्जीज्याङ्रामले आध्यात्मिक शक्तिद्वारा भूटान राष्ट्र र नागरिकहरुमाथि आइपर्ने सबैप्रकारका अनिष्टलाई परास्त गर्दै सम्पूर्ण नागरिकहरुमा शान्ति तथा भाईचाराको सम्बन्ध कायम रहने र चारतर्फ फर्किएको दोर्जेले अधिराज्यभरि बसोबास गर्ने सबै जात, जाति, बर्ग, लिङ्ग, तथा बहुभाषि जनतामा समानता, न्याय, स्वतन्त्रता, सामाजिक सहिष्णुता, धर्म निरपेक्षता तथा एकता कायम गर्ने पार्टीको प्रतिवद्धता जनाउँदछ ।

## परिच्छेद - १०

### ३३.० कार्यालय

३३.१ भूटान पिपल्स पार्टीको केन्द्रिय कार्यालय राजधानी थिम्फूमा रहनेछ र अन्य कार्यालयहरु आ-आफ्नो क्षेत्रमा रहने छन् । यद्यपि निर्वासित अवधिमा निश्चित र सुरक्षित स्थानको निर्णय लिने अधिकार केन्द्रिय समितिमा रहने छ ।

### ३४.० पार्टीको सदस्यता नरहने ।

३४.१ देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन :

(क) पार्टी परित्याग गरेमा या राजीनामा स्वीकृत भएमा,

(ख) संसद वा स्थानीयतहको निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उमेद्वारको विरुद्धमा वागी उमेद्वार भई चुनाव लड्ने दुष्प्रयास गरेमा वा वागी उमेद्वारको प्रस्तावक या समर्थक भएमा,

(ग) पार्टी अनुशासनको कारवाईबाट निष्कासन भएमा,

(घ) पार्टीको सदस्यता नवीकरण नगरिए वा नभएमा,

३४.२ पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधी गणना गर्दा पार्टीको सदस्यताबाट निष्कासन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिने छैन ।

३४.३ केन्द्रिय समितिले पार्टीबाट मान्यता प्राप्त स्वदेशबाहिर काम गरिबसेका भूटानी नागरिकहरुको संस्थालाई या व्यक्तिहरुलाई महाअधिवेशन र महासमितिमा तोकिएबमोजिम संख्यामा प्रतिनिधित्व गराउन सक्नेछ ।

३४.४ धारा १०-३ बमोजिम नप निर्वाचित जिल्ला अध्यक्षले मनोनित गरेका जिल्ला अधिवेशनका सदस्य तथा धारा १२-२ को खण्ड ख र १५ को खण्ड ग अनुसार नवनिर्वाचित केन्द्रिय अध्यक्षद्वारा मनोनित महाअधिवेशन प्रतिनिधि तथा महासमितिका सदस्यहरुको पदावधी आउने पहिलो जिल्ला अधिवेशन तथा महाअधिवेशन सम्म रहने छ ।

३४.५ पार्टीको कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३४.६ नगरपालिका, उप नगर पालिका र महानगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा पनि जिल्ला समितिको मातहतमा रहने छ । एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित ब्लक समितिहरुले सम्बन्धित जिल्ला समितिसँग समन्वय राखी काम गर्नु पर्नेछ ।

**३५.० वाधा अड्कन फुकाउने अधिकार :**

३५.१ यो विधान कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार केन्द्रिय समितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रिय समितिले गरेको त्यस्तो निर्णयपछि हुने महासमिति वा महाधिवेसनसमक्ष राखिने छ ।

**३६.० सङ्क्रमणकालीन व्यवस्था**

३६.१ यो विधान लागू हुँदाका बखत कायम रहेका भूटान पिपल्स पार्टीका सबैतहका सदस्य, पदाधिकारीहरु यस विधानअनुसार कायम रहने छन् ।

३६.२ यो विधान लागू हुँदाका बखत भूटान पिपल्स पार्टीबाट समर्थन र मान्यता पाएका भातृ संस्थाहरु कायमै रहने छन् ।

३६.३ यो विधान लागू भएपछि भूटान पिपल्स पार्टीको विधान १९९० बमोजिम भए गरेका सबै काम कार्वाहीहरु यसै विधानअन्तर्गत भए गरेको मानिने छ ।

३६.४ भूटान पिपल्स पार्टीको विधानबमोजिम परेका उजुरीहरु यसै विधानअनुरुप परेको मान्दै आवश्यक कारवाई र किनारा गरिने छ ।

**३७.० अनुसूची :**

३७.१ पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लंघनीय हुनेछ ।

३७.२ पार्टीभित्रका सबैतहमा मनोनयन गर्दा पच्चिस प्रतिशत महिलाहरुको लागि र दलित, जनजाति, अल्पसंख्यक आदिवासीहरुका लागि दश प्रतिशत प्रतिनिधित्व गराउन ध्यान दिइन पर्नेछ । गाउँतहदेखि जिल्लातहसम्मका कार्यसमितिहरुमा सम्बन्धित अधिवेशनका सदस्यहरुमध्येबाट दलित, जन जाति, अल्पसंख्यक आदिवासीबाट कम्तीमा एक एकजना समावेश गराइनु पर्नेछ ।

३७.३ पार्टीको उद्देश्य र सिद्धान्तलाई मान्ने विभिन्न वर्गीय र सहयोगी संगठनहरुलाई भातृ संस्थाकारुपमा केन्द्रिय समितिले मान्यता दिन वा गठन गर्न सक्नेछ ।

३७.४ भातृसंस्थाकारुपमा मान्यता प्राप्त संस्थाले पार्टीको नीति र कार्यक्रम तथा निर्देशनको पालना तथा कार्यान्वयन गर्नु भातृ संस्थाको कर्तव्य हुनेछ ।

३७.५ पार्टीले आवश्यकताअनुसार भातृसंस्थाहरुको पुनर्गठन तथा विघटन गर्न सक्नेछ । पार्टीका भातृसंस्थाहरु सम्बन्धि अन्य व्यवस्था केन्द्रद्वारा तोकिएबमोजिम हुनेछ ।

३७.६ पार्टीसँग आवद्ध नरहेको तर पार्टीले अँगालेको बृहत्तर आदर्शको निम्ति क्रियाशील र सहयोगी रहने प्रजातान्त्रिक संघ-संस्था र समूहलाई केन्द्रिय कार्यसमिति बैचारिक र नीतिगत समन्वय कायम राख्न आवश्यक व्यवस्था गर्न सक्नेछ । यस्ता शुभेच्छुक संस्थाहरुको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७.७ पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यस विधानलाई मञ्जुर गर्ने भूटानको कुनै राजनैतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रिय समितिलाई अधिकार रहनेछ । तर सो निर्णयलाई महासमिति वा महाअधिवेशन बाट अनुमोदन गराउनु पर्नेछ ।

३७.८ पार्टीका सबैतहका समितिले पार्टीका निम्ति योगदान दिएका र दिनसक्ने विशिष्ट व्यक्तित्वहरुलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

३७.९ जिल्ला, ब्लक तथा गाउँ समितिको अध्यक्ष पद दैविक घटना, मृत्यु वा राजीनामाको कारणले रिक्त हुन आएमा सम्बन्धित समितिका उपाध्यक्ष, कार्यबाहक अध्यक्ष हुनेछ । उपाध्यक्ष नभएको अवस्थामा सम्बन्धित समितिले कार्यबाहक अध्यक्षको चयन गर्नेछ । यसरी रिक्त हुनआएको पदमा छ महिनाभित्रमा विधानबमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । महाअधिवेशनको मिति तोकिएको अवस्थामा अथवा छ महिनाभित्र महाअधिवेशनको मिति तोकिएमा अध्यक्षका लागि अलग्गै निर्वाचन गरिने छैन ।

३७.१० भूटान पिपल्स पार्टीका वर्गीय संगठनहरुमा पार्टीले समन्वय गर्नका निम्ति केन्दिय अध्यक्षलाई केन्द्रिय सदस्यहरु मध्येबाट ब्युरो मेम्बर मनोनयन गर्ने अधिकार रहनेछ । यसरी मनोनयन गरिएका ब्युरो मेम्बरले सम्बन्धित भातृ संस्थासँग पार्टीको नियम, नीति तथा रणनीति विषयमा समन्वय गरी, त्यहाँको केन्द्रिय समितिमा पदेन सदस्य रही सल्लाह र सुझाव आदान प्रदान गर्नेछ ।

**समाप्त**